# २०१४-१५ जिल्ला व्यापी आमा बुवा र परिवार संलग्न निती

*    *    *    *    *

**भाग १ सामान्य आपेक्षाहरु**

आमा बुवा र परिवार सँग साझेदारी गर्ने **फिलाडेल्फिया बिद्यालय जिल्ला** धैरै प्रतिबद्ध छ र त्येसैले फिलाडेल्फिया बिद्यालय जिल्लाले केही कार्यक्रम**,** सेवा र पहलहरु लागु गरेको छ जस्को लक्ष्य यि हुन:

- जिल्ला व्यापी, क्षेत्र र बिद्यालय स्तरमा आमा बुवाको संलग्नको सहयोग गर्ने,
- बिद्यालय जिल्ला र बिद्यालय तहमा गरिने निर्णयहरुमा आमा बुवा र समुदयाको बिचार दिन निमत्रणा दिने,
- जानकारीको पहुच विस्तार गर्ने र
- आमा बुवाहरुको नेतृत्व र अधिवक्ता बढाउने क्षमता र आमा बुवाहरुको समस्याको समाधान गर्ने सहयोग प्रदान गर्ने।

यि जस्तो जिल्ला व्यापी कार्यक्रम र पहल सम्मिलित हुने छन्

- जानकारी प्राप्त गर्ने तरिका सुधार गर्ने

  - फिलाडेल्फिया बिद्यालय जिल्लाको वेबसाईट www.philasd.org मा बिद्यालय जिल्लाको कार्यक्रम, सेवा, प्रक्रियाको जानकारी उपलब्ध बनाउने;
  - हाम्रा संचारकाका साझेदारका साथ साथै फेसबुक (Facebook) र ट्विटर (Twitter) चलाई परिवार सँग जानकारी बाँडिन्छ;
  - AskPhliaSD (http://ask.philasd.org) लागु गर्ने- यो ईन्टरनेटमा आधारित शिक्षा व्येवस्थापन प्रणाली हो जस्ले प्रविधीहरुको प्रयोग गरी धैरै सोधिएका प्रश्नहरुको तुरुन्तै उत्तर दिने प्रविदी प्रदान गर्छ।
  - बिद्यालय जिल्ला मा र बालकको बिद्यालयमा भइ रहेको कुराहरुको बारे जानकारी दिन आमा बुवा र परिवार पोर्टल (Parent and Family Portal) सुरु गर्ने जस्ले ईन्टरनेटमा आधारित् अकाउन्ट (account) बनाइ आफ्नो संपर्क जानकारी परिवर्तन भएको खण्डमा तत्काल बनाउन, आफुलाई (स एम एस् (Texting), फोन वा ईमेल मध्ये) सब्बै भन्दा राम्रो लाग्ने संपर्कको तरिकाको छनोट गर्न, आफुलाई कुन कुराको बारे तत्कालको जानकारी प्राप्त गर्ने भन्नु का साथ

साथै आफ्नो बालकको उपस्थिती र पढाईको शंख्या अन्लाईन (Online) नै हेर्ने जस्ता सुबिधा प्राप्त हुन्छ;

- आमा बुवा र समुदायका सदस्यहरुले आफ्नो समस्याको समाधान गर्ने जानकारी र सहयोग प्राप्त गर्न बिभिन्न प्रवेश केन्द्रहरु (entry points) हुन्छन्:

○ फिलाडेल्फिया बिद्यालय जिल्लाको कल सेन्टर (Call Center) र मुख्य जानकारी केन्द्र (Main Information Center) २१५ ४०० ४०००, ले बिद्यालय जिल्लाको सेवाहरुको बारे जानकारी प्रदान गर्दछ, ग्राहक र उपयुक्त जिल्ला कार्यालयहरु बिच सम्बन्ध बनाउछ, र आमा बुवाहरुको प्रश्न र समस्याहरुको व्येक्तिगात रुपमा व्येवस्थापन् सहयोगबाट बिद्यालय र शिक्षा संपर्क सँग काम गरी समस्याको समाधान गर्दछ;

○ आमा बुवा र परिवार सहयोग सामाग्री केन्द्रले (Parent and Family Resource Center) आमा बुवाहरुलाई समस्याको समाधान खोज्ने र आफ्नो बालकको शिक्षालाई सहयोग गर्ने बिभिन्न तरिकाहरुको अन्वेषन गर्न सहयोग पुराउछ, बिद्यालय जिल्लामा आमा बुवालाई सहयोग प्रदान गर्ने, बिद्यालय जिल्लाको निती, कार्यक्रम, र सेवाहरुको बारे जानकारी प्रदान गर्दछ र समुदायमा आधारित् कार्यक्रम र सहयोग सामाग्रीको बारे जानकारी बाँड्छ र आमा बुवा कार्यशालाहरु र कार्यक्रमको आयोजना गर्छ।

○ आमा बुवाहरुको संलग्न हुने मौकाहरु बिस्तार गर्न र बिद्यालय र परिवारको साझेदारी बलियो बनाउन, व्येक्तिगत् रुपमा व्येवस्थापन् द्वारा आमा बुवाहरुको समस्याको समाधान गर्न सहयोग पुराउन, केन्द्रिय कार्यालय वा बिद्यालयको स्टाफ सदस्य र परिवारहरु सँग संपर्क बनाउन, सेवा र सहयोग सामाग्रीको बारे जानकारी सन्कलन गर्न र प्रदान गर्न, आमा बुवाको कार्यशालाहरु र जानकारी मेलाहरु आयोजना गर्न, बिद्यालय सल्लाह समिती (School Advisory Council) बनाउन बिद्यालयलाई सहयोग पुराउन, र परिवारहरुको विविध आवश्यकताहरु पुरा गर्न र अरु सेवाहरु प्रदान गर्न आमा बुवा संयोजकको मुख्य कार्य हो।

- बिद्यालय सुधार आयोगको (School Reform Commission) रणनिती चलाई, आमा बुवा, विद्यार्थीहरु, स्टाफ सदस्य र समुदायका व्येक्तिहरु सम्मिलित भएको समपूर्ण हितधारक समुहहरु सँग संपर्क गर्न निती र प्राथमिकता सम्मेलन बनाउने जस्बाट नयाँ बिचार हरु प्राप्त गरिन्छ र बिद्यालय जिल्लाको निती र प्राथमिकताहरुको बारे प्रतिक्रिय माग्दछ।

- बिद्याल्यमा आधरित् निर्णयहरुमा बिद्यालय सल्लाह समितीको (School Advisory Council) जिल्ला व्यापी कार्यन्वयन द्वारा परिवार र समुदायको संलग्न बलियो बढाउने। बिद्यालय सुधार समितीले पुरा बिद्यालयलाई असर गर्ने कुराहरुको छलफल

गर्ने बेलामा बिद्यालय व्यापी प्रतिनिधित्व सुनिश्चित गर्दछ। आमा बुवा(बिद्यालय सुधार समितीमा बहुमत आवाज हुन्छ) बिद्यालयको नेतृत्व र स्टाफ सदस्य, समुदायका साझेदार र (उच्च माधय्मिक बिद्यालयका) विद्यार्थीहरु जस्ता निर्वाचन गरिएको हितधारक समुहको प्रतिनिधिहरुलाई, बिद्यालय सल्लाह समितीले छलफल गर्न र संगै मिली काम गर्न मन्च प्रदान गर्छ।

- बहुभाषी परिवारहरु सँग जानकारी, सहयोग र आमा बुवाको संलग्नको मौका सुनिश्चित गर्ने:

○ बिद्यालय जिल्लाको अनुवाद र व्याख्या केन्द्र (District's Translation and Interpretation Center) , जस्ले बहुभाषी परिवारहरु सँग संपर्क गर्न सहयोग पुराउने उपकरणहरु प्रदान गर्दछ, जस्मा १७० भन्दा धेरै भाषामा तेलेफोन द्वारा अनुवाद सेवा (telephonic interpretation) सम्मिलित हुन्छ, बिद्यालय जिल्ला व्यापी र बिद्यालय विशिष्ट कागजपत्रहरुको अनुवाद गर्ने, अनुवाद गरिएको कागज पत्रहरु संग्रह र बिद्यालय जिल्लामा सब्बै भन्दा धेरै प्रयोगहुने (स्पेनिश, चिनी, अरेबिक, विएत्नामी, फ्रान्सेली, खमेर, रुस, अल्बेनियन, नेपाली) (Spanish, Chinese, Arabic, Vietnamese, French, Khmer, Russian, Albanian and Nepali) नै वटा भाषाहरुमा आमा बुवा र समुदायका सदस्यहरुको लागि वेब पेजहरुको व्येवस्थापन गरिन्छ।

○ बहुभाषी परिवार सहयोग कार्यालयले (Office of Multilingual Family Support) बहुभाषी परिवारहरुलाई बिद्यालयहरु सँग चलिरहेको संपर्क कायम गर्न र बहुभाषी सहायक सल्लाह्कारको (Bilingual Counseling Assistants) सेवा द्वारा आफ्नो मातृभाषामा बिद्यालय जिल्लाको जानकारी र सहयोग सामाग्री प्राप्त गर्छ, आमा बुवाको सम्मेलन, जिल्ला व्यापी कार्यक्रमहरुमा अनुवाद सेवा प्रदान गर्छ, आप्रवासी र शरणार्थीलाई सेवा गर्ने संगठन सँग साझेदारी बढाउछ, र कार्यशाला र तालिमहरु द्वारा आप्रवासी र शरणार्थि परिवारहरुलाई सहयोग प्रदान गर्छ, यस्लाई वेल्कम वागन (Welcome Wagon) भनिन्छ। वेल्कम वागनहरु (Welcome Wagon) आमा बुवालाई सुविदाजनक हुने समयमा समुदायमा जाँदछ। शिक्षा, कलेज दरखास्त प्रक्रिया, स्वास्थ्य सुबिधा, दम व्येवस्थापन, यच आइ भि रोक्ने, सङुक्त राज्य अमेरिकाको जीवनमा संक्रमण र आमा बुवा र बालकको संघर्ष, बालकको बिकास गर्ने अभ्यास र अनुशासन, मानसिक चिन्ताको उपचार, घरेलु हिंसा चिन्नु, बाल दुर्व्यवहार् रोक्ने जस्ता आप्रवासी समुदायलाई महत्वपूर्ण लाग्ने बिषयहरुको सम्बोधन गर्दछ।

- आमा बुवा नेताहरु, परिवार र समुदायका हितधारकहरु सँग मिली काम गरी बिद्यालय र बिद्यालय जिल्लामा उनिहरु संलग्न हुनको महत्वको बारे जानकारी प्रदान गर्ने र शिक्षक, प्रधानअध्यापक र बिद्यालयका स्टाफ सदस्य सँग सम्बन्ध

बढाउन प्रोत्साहन गर्दछ, बिद्यालय फिर्ता कार्यक्रम र आमा बुवा सम्मेलनमा उपस्थिती हुन, बालकको कक्षा कोठा हेर्न जान, बिद्यालय सँग सधैं संपर्क जारी राखे, बिद्यालयको सम्मेलन र कार्यक्रममा आउने, स्वयमसेवक हुने, आमा बुवाको समुहमा संलग्न हुने र नेतृत्वको भूमिका निभाउने।

**भाग २ वैधानिक आवश्यकता**

**फिलाडेल्फिया बिद्यालय जिल्लाले** यि बैधानिक आवश्यकताहरु लागु गर्न सहमत हुन्छ

- बिद्यालयमा आमा बुवाहरुको संलग्न बढाउन फिलाडेल्फिया बिद्यालय जिल्लाले टाइटल १ भाग १ कार्यक्रमको (Title I, Part A Program) प्राथमिक र माद्यामिक शिक्षा एनको भाग १११८ (Elementary and Secondary Education Act) (ESEA), को अनुसार, कार्यक्रम, कृयाकलाप र प्रक्रियाहरु सञ्चालनमा राख्दछ। यि कार्यक्रमहरु, कृयाकलापहरु र प्रक्रियाहरु भाग लिने बालकहरुको आमा बुवाहरु सँग सल्लाहहरु पछी योजना बनाइन्छ र सञ्चालन गरिन्छ।

- भाग १११८ को (section 1118) अनुसार बिद्यालय जिल्लाले आफ्नो बिद्यालय सँग काम गरी बिद्यालय तहको आमा बुवा संलग्न नितीहरुले इ एस् इ ए (ESEA) भाग १११८ बि (section 1118 (b)) को आवश्यकताहरु पुरा गर्छ भनेर सुनिश्चित गर्न काम गर्छ, र भाग इ एस् इ ए (ESEA) १११८ डि (1118(d)) मा सम्मिलित हुन्छ।

- टाइटल १ को भाग ए (Title I, Part A) आमा बुवा संलग्न आवश्यकताहरु लागु गर्दा, फिलाडेल्फिया बिद्यालय जिल्लाले र बिद्यालयहरुले अङ्रेजी भाषा प्रविणता नभएको, अपाङ्ग बाल बालिका भएको, र आप्रवसी बालक भएका आमा बुवाहरुलाई पुरा रुपमा इ एस् इ ए (ESEA) को भाग ११११ (Section 1111) ले आवशयक बानाएको अनुसार बुझ्ने र समान तरिकामा, आमा बुवाले बुझ्ने भाषामा मौका प्रदान गर्ने छ र चाहिएको खण्डमा र सम्भव भए सम्म आमा बुवा ले बुझ्ने भाषामा र बिकल्प तरिकामा पनि प्रदान गर्ने छ।

- फिलाडेल्फिया बिद्यालय जिल्लाले टाइटल १ को भाग ए (Title I, Part A) मा सेवा गर्ने बाल बलिकाहरुको आमा बुवाहरुलाई टाइटल १ को भाग ए (Title I, Part A) को बिद्यालयमा, आमा बुवा र परिवारहरुको लागि राखिएको, टाइटल १ को भाग ए (Title I, Part A) प्रतिशद पैसा कसरी खर्च गर्ने भनेर गर्ने निर्णयमा सम्मिलित गर्छ र सो १ प्रतिशदको ९५ प्रतिशद भन्दा बढी बिद्यालय सल्लाह समितीको

अनुमोदन द्वारा (School Advisory Council), आमा बुवा र बिद्यालयको प्रशासनले सम्झौता गरेको आमा बुवाहरु सँग सम्बन्ध हुने कृयाकलापको लागि जाने छ भनेर पनि सुनिश्चित गर्छ।

- फिलाडेल्फिया बिद्यालय जिल्लाको परिवार संलग्नका यि बैधानिक परीभाषाले चलेको हुनु पर्ने छ र बिद्यालय जिल्लाले टाइटल १ (Title I) बिद्यालयहरुले यि कार्यक्रम र कृयाकलापहरु यो परीभाष अनुसार चलाऊने छ भनेर आपेक्षित गर्छ:

*आमा बुवा र परिवार संलग्न भनेको विद्यार्थीको शिक्षामा र अरु कृयाकलापहरुमा आमा बुवाको नियमित रुपमा, दुई तर्फी रुपमा र अर्थपूर्ण कुराकानीमा संलग्न हुने हो र तल दिइएका कार्यहरुमा आमा बुवाहरुको सहभागीता पनि हो-*

*(A) आमा बुवाले बालकको शिक्षामा सहयोग पुराउन भूमिका खेल्ने;*

*(B) बालकको शिक्षामा संलग्न हुन प्रोत्साहन गर्ने*

*(C) बालकको शिक्षामा, आमा बुवाहरु पूर्ण रुपको साझेदार हुने र निर्णय बनाउनमा र बालकको शिक्षामा सहयोग पुराउनको लागि सल्लाह समितीहरु मा संलग्न सुनिश्चित गर्ने;*

*(D) इ एस इ ए* (ESEA) *को भाग १११८* (section 1118) *मा वर्णन गरिएको कृयाकलाप गरेको भनेर सुनिश्चित गर्ने*

## भाग ३ आवश्यक आमा बुवा र परिवार संलग्न नितीका बिभिन्न भागहरु बिद्यालयले कसरी लागु भएको भनेर वर्णन गर्ने

1. **फिलाडेल्फिया बिद्यालय जिल्ला** ले आमा बुवालाई इ एस् इ एको (ESEA) भाग १११२ को (section 1112) अन्तर्गत जिल्ला व्यापी आमा बुवा संलग्नको योजनाको सगै बिकास गर्ने यि कार्यहरु गर्ने छन्:

   - फिलाडेल्फिया बिद्यालय जिल्लाको परिवार र समुदाय संलग्न कार्य समुहमा (Family and Community Engagement Action Team) (FACE-A-Team) भर्ना हुन सम्पूर्ण बिद्यालयहरुलाई कम्तीमा एक प्रतिनिधिलाई तालिममा भाग लिन र आफ्नो बिद्यालयमा जानकारी लिएर आउन आमन्त्रण गर्न अनुरोध गरिन्छ।
   - फेस- ए समुहका (FACE-A-Team) सदस्यहरुलाई बिद्यालय जिल्लाको आमा बुवा र परिवार संलग्न निती र योजनाको जिल्ला व्यापी वा छेत्रीय सम्मेलनमा बिचार प्रदान गर्न आमन्त्रण गरिन्छ।

- फिलाडेल्फिया बिद्यालय जिल्लाले सहायक अधिक्षक र प्रधानअध्यापकहरुलाई बिद्यालय जिल्लाको नितीको वितरण बारे (अधिक्षकले सही गरेको) निर्देशन पठाउनेछ।
- आमा बुवाहरुको समिक्षा र सुझावहरुको लागि नयाँ जानकारी भएको निती अन्लाईन (online) उपलब्ध हुन्छ।
- आमा बुवाहरुलाई अन्लाईन सर्वेक्षण (online survey) फोन द्वारा वा आफ्नो क्षेत्रमा भएको फेस - ए (FACE-A-Team) समुहाको सम्मेलन जस्तै बिभिन्न सुझाव दिने विधि को बारे भन्न यो निती सँग पत्र पठाइने छ।

2. **फिलाडेल्फिया बिद्यालय जिल्लाले** इ एस् इ ए (ESEA) को भाग १११६ (section 1116) अन्तर्गत बिद्याल समिक्षा र सुधार प्रक्रियामा आमा बुवालाई सम्मिलित गर्न यि कार्यहरु गर्ने छ।

- जुन १ २०१५ सम्म बिद्यालय जिल्लाका कम्तीमा ५०% बिद्यालयहरुमा आमा बुवाहरु, विद्यार्थीहरु, बिद्यालयको प्रशासन, स्टाफ सदस्य र समुदायका साझेदार सम्मिलित भएको बिद्यालय सल्लाह समिती (School Advisory Council) (SAC) हुने छ, जस्मा आमा बुवाहरु सब्बै भन्दा ठुलो समुह हुने छन्। हरेक बिद्यालयको व्यापक बिद्यालय योजना र बजेट (budget) मा सुझाव प्रदान गर्न बिद्यालय सल्लाह समितीको (SAC) पहिलो उत्तरदायित्व हुन्छ।
- आमा बुवा नेताहरु, परिवार र समुदाय संलग्न कार्यालयका (Office of Family and Community Engagement) स्टाफ सदस्यहरु उपयुक्त बिद्यालय जिल्लाका प्रतिनिधिहरु सँग मिली, टाइटल १ (Title I) को बिभिन्न पक्षमा जिल्ला, क्षेत्र, र बिद्यालय तहको तालिम प्रदान गरिने छ, सो तालिममा बिद्यालयको बारे आउने बिभिन्न जानकारी बुझ्ने, व्यापक बिद्यालय योजना बुज्ने र बजेटको प्रक्रिया बुझ्ने जस्ता कुरा सम्मिलित हुन्छ।
- यो प्रक्रियामा सम्पूर्ण समुहहरुले गर्नु पर्ने भूमिका र उत्तरदयित्व बुझ्न बिद्यालय सल्लाह समिती (School Advisory Council) (बिद्यालयमा अधारित स्टाफ सदस्य, विद्यार्थी, परिवार र समुदाय साझेदारहरु)लाई व्येवसायिक बिकास प्रदान गर्छ।
- बिद्यालय जिल्लाको अनुवाद र व्याख्या केन्द्र (Translation and Interpretation Center) र बहुभाषी परिवार सहयोग कार्यालयले (Office of Multilingual Family Support) पहिलो भाषा अङ्रेजी नहुने व्येक्तिहरुलाई भाषा सेवा प्रदान गर्ने छ।

3. **फिलाडेल्फिया बिद्यालय जिल्लाले** टाइटल १ (Title I), भाग ए (Part A) बिद्यालयहरुलाई विद्यार्थीको शैक्षिक सफलता र बिद्यालयको प्रदर्सनी सुधार गर्न प्रभावकारी आमा बुवा संलग्न कृयाकलाप को लागि तल दिइएका आवश्यक, समान्वय, र प्राविधिक सहयोग प्रदान गर्छ:

- आमा बुवाको समुह सँग मिली काम गरी, आमा बुवा संलग्नको बारे कार्यशालाहरु प्रदान गर्ने।

- आमा बुवा विश्वबिद्यालय (Parent University) द्वारा आमा बुवालाई तालिम प्रदान गर्ने जस्मा पढाई, गणित, बिज्ञान, पि एस् एस् ए (PSSA) र किस्टोन (Keystone) परिक्षा तैयारी सम्मिलित हुन्छ।
- बिद्यालय सुरक्षा, सास्कृतिक विविधता, संघर्शको समाधान,बिद्यालय सँग संलग्न कसरी हुने, र अरु बिषयहरुमा अनुरोध अनुसार कार्यशाला प्रदान गर्न
- फेस ए समुहका (FACE-A-Team) आमा बुवाहरुलाई, प्रधानअध्यापक र बिद्यालय सल्लाह समिती (SAC) को लागि संपर्क अधिक्रित बन्न तालिम दिने
- बिद्यालय जिल्लाको कार्य योजना २ (District's Action Plan 2.0) को अनुपालना अनुसार आमा बुवा र परिवारलाई शिक्षक र प्रधानअध्यापक सँग कुर गर्न प्रोत्साहन गर्ने।

4. **फिलाडेल्फिया बिद्यालय जिल्लाले** टाइटल १ (Title I), भाग एको (Part A) संलग्न कार्ययोजना यि अरु कार्यक्रमहरु सँग तल दिइएका कुराहरु द्वारा समान्वय र एकीकृत गर्ने छ: हेड स्टार्ट (Head Start), उज्ज्वल भविष्य (Bright Future), र एलेक्ट (ELECT):

   - आमा बुवा संलग्न र परिवार र समुदाय संलग्न कार्यालयको (Office of Family and Community Engagement) लागि उत्तरदयित्व भएका प्री के (Pre-K) र इलेक्ट कार्यक्रमको (ELECT program) स्टाफ सदस्य बिच सहयोग बढाउने।

   - बिद्यालय जिल्लाको सम्मेलन, कार्यक्रम र कृयाकलापहरुमा प्री के (Pre-K) विद्यार्थीहरुको आमा बुवाहरुलाई आमन्त्रण गर्ने।

   - बल्यकाल शिक्षा कार्यक्रम मा भएका अङ्ग्रेजी भाषा बाहेक अरु भाषा बोल्ने परिवारलाई अनुवाद सेवा प्रदान गर्ने।

5. **फिलाडेल्फिया बिद्यालय जिल्लाले** बिद्यालय तहमा र आमा बुवाको संलग्नको जिल्ला व्यापी परिणामहरुको जानकारी प्राप्त गर्न वार्षिक रुपमा आमा बुवा र अभिभावकहरुको लागि प्रभावकारी सर्वेक्षणको आचरण गर्ने छ र सो सर्वेक्षणको योजना र समिक्षाको प्रक्रियाको बारे बिचार र प्रतिक्रिया प्राप्त गर्न अनुरोध गर्छ।

   आमा बुवा संलग्न गर्ने कृयाकलापमा आमा बुवाहरुको सहभागीतामा बाधा पुराउने कुराहरु चिन्न सो सर्वेक्षणको परिणामको प्रयोग गरिन्छ (आर्थिक अवास्था खराब भएको, अपाङ्ग भएको र अङ्ग्रेजी भाषा प्रविणता नभएको, शिक्षामा कमी भएको र जातिय अल्पसंख्यामा भएका आमा बुवाहरुलाई बिशेष ध्यान दिइन्छ)। फिलाडेलफिया बिद्यालय जिल्लाले आमा बुवा संलग्न नितीको र कृयाकलापको मुल्याङ्कन चलाई प्रभावकारी आमा बुवा संलग्न योजना बनाउन, र चाहिएको खण्डमा (आमा बुवा वा अभिभावकलाई) संलग्न गरी गर्ने छ।

6. बिद्यालय र आमा बुवाहरुको आमा बुवाको संलग्नको क्षमता निर्माण गर्ने र आमा बुवाको प्रभावकारी संलग्न सुनिश्चित गरी बिद्यालय**,** आमा बुवा र समुदाय बिच साझेदारीको सहयोग गरी विद्यार्थीहरुको शैक्षिक सफलता सुधार गर्न **फिलाडेल्फिया बिद्यालय जिल्लाले** यि कृयाकलापहरु लागु गर्ने छ।

   A. फिलाडेल्फिया बिद्यालय जिल्लाले प्रशासनिक कार्यालयहरुको सहयोग को साथ बिद्यालय जिल्लाले वा बिद्यालयहरुले सेवा गर्ने बालकहरुका आमा बुवाहरुलाई यि बिषयको बारे बुझ्न यि कार्यहरु गर्ने छन्:

      – राज्यको शैक्षिक तहहरु;
      – राज्यको शैक्षिक सफलताको तहहरु
      – राज्य र स्थानिय शैक्षिक मुल्याङ्कन, वैकल्पिक मुल्याङ्कन सम्मिलित भएको;
      – टाइटल १, भाग एको (Title I, Part A) आवश्यकताहरु;
      – तपाईंको बालकको प्रगती कसरी अवलोकन गर्ने; र
      – शिक्षकहरु सँग कसरी काम गर्ने।

      - टाइटल १ आवश्यकता (Title I) र प्राथमिक वा माद्यामिक बिद्यालय एनको (Elementary and Secondary Education Act) आमा बुवाको जानकारी थहा पाउने अधिकार को बारे प्रदर्सनी र कार्यशाला अनुदान बिकास र अनुपालना कार्यालय (The Office of Grant Development and Compliance) वा टाइटल १ (Title I), बिभिन्न कार्यालय र आमा बुवा समुह सँग मिली सहयोग गर्न उपलब्ध हुन्छ।
      - उपयुक्त भएको बेलामा प्रधानअध्यापकहरुले स्टाफ बिकास दिनहरुमा आमा बुवालाई सम्मिलित गर्न प्रोत्साहन गरिन्छ।
      - वार्षिक राज्य आमा बुवा सल्लाह समिती सम्मेलन (State Parent Advisory Council conference), वार्षिक परिवार संलग्न सम्मेलन (Annual Family Involvement Conference) (आमा बुवा संलग्नको लागि पि एको गठबन्धन (PA Coalition for Parent Involvement)) जस्तै सम्मेलन र कार्यशालामा आमा बुवाको उपस्थिती सहयोग गर्न बिद्यालयहरुलाई प्रोत्साहन र प्रायोजन गर्छ।
         - आमा बुवा सम्मेलनमा जान इक्ष्या भएका आमा बुवाहरुलाई बिद्यालय वा जिल्ला तहमा तालिम पुरा गरिएको भनेर प्रमाणित गर्नु पर्ने भनेर आवश्यक बनाउछ। प्रमाण यि किसिमको हुन्छ: १) सही गरेको पत्र ; २) एजेन्डा (Agenda) र ३) बितरित गरिएको कागजपत्र
         - राज्य वा राष्ट्रिय तहमा टाइटल १ पाक (Title I PAC) मा भाग लिन छनोट गरिएको आमा बुवाहरुले जिल्लाको फेस ए समुह (FACE-A-Team)

सम्मेलनमा नियमित रुपमा भाग लिन्छ भनेर र (लिखित वा मौखिक) रिपोर्ट बुझाउछ भनेर सुनिश्चित गर्नु होस्।

- आमा बुवाहरुलाई स्पष्ट र सरल भाषामा जानकारी प्रदान गर्ने।
- पहिलो भाषा अङ्रेजी नभएको परिवारहरुलाई उनिहरुको भाषामा कार्यशाला प्रदान गर्ने।
- घरमा उपयोगी जानकारी हुन पाठ्यक्रम र शिक्षा कार्यलय र अरु कार्यालयले आमा बुवालाई बिभिन्न सामाग्रीको बितरन गर्ने छन्।

B. फिलाडेल्फिया बिद्यालय जिल्ला द्वारा, आफ्ना बिद्यालयहरुको सहयोगको साथ, आफ्नो बालकहरुसँग काम गरी उनिहरुको शैक्षिक सफलताको सुधार गर्न आमा बुवाहरुलाई उनिहरुको उपयुक्त संलग्न बढाउन यि कुराहरु गरी, सामाग्री र तालिम प्रदान गरिन्छ जस्मा शिक्षा र प्रविधी जस्तै कार्यशालाहरु सम्मिलित हुन्छन्:

- बिद्यालय जिल्लाका कर्मचारीहरु वा अरु प्रदानकर्ताहरु द्वारा शहरभरी आमा बुवा विश्वबिद्यालय (Parent University) लागु गर्छ जस्ले आमा बुवाहरुलाई बिभिन्न शैक्षिक विकल्पहरु प्रदान गर्दछ।
- बिद्यालयमा आमा बुवा सहयोग सामाग्री केन्द्र (Parent Resource Center) वा कुना वा कोठाहरुको स्थापनाको सहयोग गर्ने
- आफ्नो बालकको सफलता मुल्याङ्कन गर्न आमा बुवा र परिवार पोर्टलको (Parent and Family portal) प्रयोग गर्ने शिक्षा पनि सम्मिलित भएको आमा बुवाहरुको लागि कम्प्युटर शिक्षा र अरु तालिम प्रदान गर्ने।
- उपयुक्त जिल्ला कार्यालयको सहयोग बाट आफ्नो बालकको शैक्षिक सफलता सहयोग कसरी गर्ने भनेर बुझ्न, परिवार शिक्षा रात्री, परिवार गणित रात र अरु कार्यशाला जस्तै बिद्यालयमा आधारित कृयाकलाप लागु गर्न बिद्यालयहरुलाई सहयोग गर्ने।
- उपयुक्त समयमा अङ्रेजी भाषा बाहेक अरु भाषामा कार्यशाला र सामाग्री प्रदान गर्ने।

C. शिक्षक, विद्यार्थी सेवा कर्मचारी, प्रदानध्यापक र अरु स्टाफ सदस्यहरु, आमा बुवा सँग साझेदार भइ कसरी काम गर्ने र संपर्क गर्ने भनेर शिक्षा दिन परिवार र समुदाय संलग्न कार्यालय (The Office of Family and Community Engagement) ले बिद्यालयमा व्येवसायिक बिकासको आचरण गर्न सक्नेछ र यि कुराहरु गरी आमा बुवा कार्यक्रमहरु समन्वय गर्ने छ र सम्बन्ध बनाउने छ:

- आमा बुवाको सहयोग प्राप्त गरी प्रधानअध्यापक र अरु व्येवस्थापकहरुलाई आमा बुवाहरु सँग कसरी साझेदारी बिकास गर्ने भनेर सहयोग प्रदान गर्दछ।

- बिद्यालयहरुको टाइटल १ (Title I) आमा बुवा संलग्न निती (Parent Engagement Policy) र (चहिएको अनुसार) आमा बुवा बिद्यालय सम्बन्धको समिक्षामा भाग लिन सम्पूर्ण आमा बुवाहरुलाई बोलाउने कुराको सुझाव दिने।

D. फिलाडेल्फिया बिद्यालय जिल्लाले सम्भव र उपयुक्त भए सम्म आमा बुवा संलग्न कार्यक्रम र कृयाकलापलाई हेड स्टार्ट (Head Start), उज्ज्वल भविष्य (Bright Future), इलेक्ट (ELECT) जस्ता कार्यक्रमहरु सँग समन्वय र एकीकृत गर्ने छ र आमा बुवा सहयोग सामाग्री केन्द्र (Parent Resource Center) जस्तै यि कुराहरु गरी आफ्नो बालकको शिक्षामा पूर्ण रुपमा, सहभागि हुन प्रोत्साहन र सहयोग गर्ने छ:

- आमा बुवाको संलग्न र परिवार र समुदाया संलग्न कार्यालय (Office of Family and Community Engagement) प्री के (Pre-K) र एलेक्ट (ELECT) कार्यक्रमको स्टाफ सदस्यहरु बिच सहयोग बढाउने।
- जिल्लामा आधारित सम्मेलन, कार्यक्रम र कृयाकलापमा भाग लिने प्री के (Pre-k) विद्यार्थीहरुको आमा बुवालाई भर्ती गर्ने।
- अङ्ग्रेजी भाषा बाहेक अरु भाषा बोल्ने आमा बुवाहरुलाई अनुवाद सेवा प्रदान गर्ने।

E. इ फिलाडेल्फिया बिद्यालय जिल्लाले सम्भव भए सम्म बिद्यालय र आमा बुवा कार्यक्रम, सम्मेलन र अरु कृयाकलापहरु सँग सम्बन्धित जानकारीहरु प्राप्त गरिन्छ भनेर सुनिश्चित गर्न सहभागि विद्यार्थीहरुको आमा बुवाहरुलाई बुझ्ने र समान किसिमले, अनुरोध गरिएको बेलामा बिकल्प किसिमको जानकारी पनि प्रदान गर्न यि कार्यहरु गर्ने छ:

- सम्भव भए सम्म स्पष्ट र सरल भाषामा संपर्क सामाग्री प्रदान गर्ने।
- बिद्यालय जिल्लाको वेबसाईट र फेसबुकमा पेजमा (Facebook Page) आमा बुवाको लागि जानकारी प्रकाशन गर्ने।
- आमा बुवाहरुको लागि बिद्यालय जिल्लाको जानकारीहरुमा फोन नम्बर राख्ने जस्मा जानकारी स्पष्ट गर्न आमा बुवाहरुले संपर्क गर्न सक्ने छन्
- फिलाडेल्फिया बिद्यालय जिल्लाको संपर्क केन्द्र (Call Center) र मुख्या जानकारी केन्द्र (Main Information Center) २१५ ४०० ४०००, आमा बुवा संयोजक (Parent Coordinator) र बहुभषी सहायक सल्लाहकार (Bilingual Counseling Assistants) सँग संपर्क गरी महत्वपूर्ण जानकारी बांड्ने, जस्ले गर्दा उनिहरुले परिवारलाई जानकारी प्रदान गर्द छ र बिद्यालय जिल्लाको महत्वपूर्ण जानकारी स्पष्ट गर्द छ।
- आमा बुवा र समुदायाको सम्मेलन र कार्यशालाको आयोजना गरी महत्वपूर्ण बिषयको सम्बोधन गर्ने।

- पुस्तकालय, मनोरन्जन केन्द्र, समुदायमा आधारित संगठन, र धर्ममा आधरित संगठनहरु जस्तै समुदायका सदस्यहरुलाई जानकारी बितरित गर्न सहयोग माग्ने।
- उपयुक्त भएको बेलामा पहिलो भाषा अङ्ग्रेजी नभएको आमा बुवालाई टेलेफोन द्वारा अनुवाद सेवा प्रदान गर्ने।

## भाग ४ सुधारात्मक कार्यमा वा पुनर्गठन स्थितीमा भएका बिद्यालयहरुको सुधारमा आमा बुवाको सहभागिता र सुचना

A. लक्ष्य। बिद्यालय सुधार आयोगले (The School Reform Commission) २००१ को संघीय ऐन नो चाइल्ड लेफ्ट बिहाइन्डको (federal No Child Left Behind Act) (NCLB) आवश्यकताहरु लागु गर्ने उत्तरदायित्वको पहिचान गर्द छ। यि आवश्यकताहरुमा, यि नितीहरुमा लेखिएको सुधारको योजनाहरु लागु गर्ने र आमा बुवाको सहभागिता सम्मिलित गने नितीहरु हुन्छ र एन सि एल बि को (NCLB) अन्तर्गत सुधारात्मक कार्य र पुनर्गठन तहमा यि बिद्यालयहरु हुन्छन्। आमा बुवाहरुलाई सुचना प्रदान गरेको सुनिश्चित गर्न र सुधार कार्यहरुमा आमा बुवा र शिक्षकहरुलाई सहभागि बन्ने मौका दिन 20 U.S.C. § 6316(b)(7) र (8) नितीहरुको प्रक्रिया हुन्छ।

B. *उत्तरदायित्व बाँड्ने.* वरिष्ट व्येवथापन समुह र बिद्यालय सुधार आयोगले (School Reform Commission), यसमा सम्मिलित भएको पेनसलभेनीया सार्वजनिक बिद्यालय नितीको (Pennsylvania Public School Commission) 24 P.S. §§ 5-510, 6-693, र 6-696 अनुसार, निर्णय बनाउने भूमिका आरक्षित गर्द छ, बिद्यालय सुधार आयोग ले यि कुराको बारे निर्णय गर्द छ:

1. १ बिद्यालयको लागि सुधारात्मक कार्य

   a. फिलाडेल्फिया बिद्यालय जिल्लाले एन सि एल बि को (NCLB) 6316(b)(7) निती अनुसार कुनै सुधारात्मक कार्य लिएको बारे यि व्येक्तिहरुका लागि जानकारी प्रकाशित गर्ने छ र बितरित गर्ने छ:

      (1) सुधारात्मक कार्यमा भएका बिद्यालयमा भर्ना भएका हरेक विद्यार्थीहरुको आमा बुवाहरुलाई र सार्वजनिक व्येक्तिहरुलाई;
      (2) आमा बुवाहरुले बुझ्ने भाषामा, बुझ्ने र समान ढाँचामा, व्येवहारिक रुपमा प्रदान गर्ने; र
      (3) ईन्टरनेट, मिडिया (Media) र सार्वजनिक संस्थाको माध्यमबाट जानकारी प्रदान गर्ने जस्मा बिद्यालय जिल्लाको वेब पेज (web pages) पनि सम्मिल्ती हुन्छ।

2. बिद्यालयहरुलाई पुनर्गठन

a. फिलाडेल्फिया बिद्यालय जिल्लाले यि कुराहरु गर्ने छ/The School District shall

(1) 20 U.S.C. § 6316(b)(7) निती अन्तर्गत सुधारात्मक कार्यको पुरा १ बर्ष पछी, पर्याप्त वार्षिक प्रगती नगरेको बिद्यालयको लागि, बिद्यालय जिल्लाले योजना तयार गर्ने छ र 20 U.S.C. § 6316(b)(8)(B) यो नितीमा लेखिएको अनुसार बिकल्प सुशासन बनाउन चाहिने व्येवस्था गर्ने छौँ।

(2) 6316(b)(8)(A) and (B) निती अन्तर्गत जुनै पनि बिद्यालय पुनर्गठन हुँदा शिक्षकहरुलाई तुरुन्तै जानकारी दिनु पर्ने हुन्छ; र

(3) पुनर्गठन कार्य गर्नु भन्दा अगाडि शिक्षक र आमा बुवाहरुलाई यि कुरा गर्ने मौका प्रदान गरिन्छ

(a). 6316(b)(8)(A) and (B) निती अन्तर्गत केही कार्य गर्नु भन्दा अगाडि सुझाव दिने; र

(b). 6316(b)(8)(A)(iii) निती अन्तर्गत (बिद्यालयकोलागि विकल्प सुशासन प्रदान गर्न) योजना बनाउनमा सहभागि हुने।

3. कर्तव्य

a. फिलाडेल्फिया बिद्यालय जिल्लाको प्रमुख कार्यकारी कार्यालय (Chief Executive Office), बिद्यालय संचार कार्यालय (Office of Communications) र शिक्षाको लागि सहायक अधिक्षक (Associate Superintendent of Academics) सँग मिली एन सि एल बि (NCLB) र त्येसको नितीले आवश्यक गरेको अनुसार आमा बुवाहरुलाई चाहिने सुचना प्रदान गर्ने छन् र एन सि एल बि (NCLB) र त्येस्को निती ले आवश्यक गरेको अनुसार आमा बुवाको सहभागीता प्रक्रियाको संगठन, प्रायोजन र लागु गर्ने छ।

b. सम्भव भएको बेलामा फिलाडेल्फिया बिद्यालय जिल्लाले एन सि एल बि (No Child Left Behind) (NCLB) द्वारा आवश्यक गरिएको सुचना र सम्मेलनहरुको बिद्यमान सुचना पत्र र बिद्यालय सुधार योजना र नितीहरु जस्ता लागु गरिएको सहभागिता प्रक्रियाहरु सँग एकीकृत गर्ने छ।

c. आमा बुवाहरु सँग संचार 34 C.F.R. § 200.36, र 34 C.F.R. § 200.36(c)(1) निती अन्तर्गत गरिने छ, स्थानिय परिस्थितीले गर्दा, बिद्यालय जिल्लाका कर्मचारी र बिद्यालयहरुले आमा बुवाहरुलाई जानकारी, सुचना बितरन गर्न बिद्यालयलाई जिम्मा दिने छ।

4. आरक्षण

a. एन सि एल बि (No Child Left Behind) (NCLB) र पेनसलभेनिया सार्वजनिक बिद्यालय नीतीको (Pennsylvania Public School Code) अनुसार सुधारात्मक कार्य वा बिद्यालयको स्थिती पुनर्गठन बिद्यालय सुधार आयोगले (School Reform Commission) गर्ने छ यि हेर्नुहोस्, *e.g.*, 24 P.S. §§ 5-510, 6-693, 6-696। न्यायको अनुसार सुधार कार्य गर्न सो आयोगले यि मामलामा विवेक राख्दछ।
b. एन सि एल बि (No Child Left Behind) (NCLB) को अन्तर्गत बालकको बिद्यालयको पुनर्गठनको निर्णय मा आमा बुवाहरुको सहभागिता सुनिश्चित गर्न फिलाडेल्फिया बिद्यालय जिल्लाले अगाडि कुरा गरिएको आरक्षण बाहेक सम्पूर्ण उचित मौकाहरुको खोजी गर्ने छ। आमा बुवाहरुले समुदाय र अधिवक्ता समुह सम्मिलित भएको आफ्नो प्रतिनिधिहरुको माध्यमबाट भाग लिन सक्नु हुने छ। बिद्यालय सुधार आयोगले (School Reform Comission) बिद्यालयको सुधार गर्न प्रतिबद्ध भएका सम्पूर्ण हितधारकहरुलाई सहभागि हुन प्रोत्साहन गर्द छ र अरु हितधारक व्येक्तिहरु सँग काम गर्ने आशा गर्दछ।
c. बिद्यालय जिल्लाले भाग लिएको बिद्यमान सामुहिक सम्झौता वा लागु मिती पछी भएको कुनै पनि सम्झौतामा परिवर्तन गर्ने कुनै पनि निती बनाउन सक्ने छैन।

5. परिभाषाहरु

a. 20 U.S.C. § 6316(b)(7)(A) – (E) of NCLB (नो चाइल्ड लेफ्ट बिहाइन्ड ऐन) मा "सुधारत्मक कार्यको" परिभाषालाई निर्देष्ट गरिएको छ

b. 20 U.S.C. § 6316(8) मा पुनर्गठन परिभाषालाई निर्देष्ट गरिएको छ र 20 U.S.C. § 6316(b)(8)(B) मा वैकल्पिक सुशासन परिभाषालाई निर्देष्ट गरिएको छ

**<u>भाग ५</u>** **<u>बिद्यालय जिल्ला व्यापी आमा बुवा र परिवार संलग्न नितीको स्वनिर्णयगत भाग</u>**

- शिक्षकहरुको, प्रधानअध्यापकहरुको र अरु शिक्षकहरुको तालिमको बिकास गर्न र तालिमको प्रभाव सुधार गर्न आमा बुवाहरुलाई संलग्न गराउने;
- टाइटल १ एवन स्टार्ट (Title I Even Start) र परिवार शिक्षा कोषका (Family Literacy Funds) आमा बुवाहरुलाई चाहिने तालिम प्रदान गर्ने;

- यतायात सेवा र बालकको हेर बिचारको पैसा संलग्न भएको आमा बुवा संलग्न कृयाकलापहरुको लागि चाहिने र उचित पैसा तिर्ने, जस्ले गर्द आमा बुवालाई बिद्यालय सँग सम्बन्धित सम्मेलन र तालिम मा सहभागि हुन समर्थ बनाउछ;
- अरु आमा बुवा वा हेर बिचार गर्ने व्येक्तिहरुको संलग्न बढाउन आमा बुवाहरुलाई तालिम दिने;
- बिद्यालयको सम्मेलनमा भाग लिन नसकेका आमा बुवाहरुको लागि; बालकको शिक्षामा परिवारको संलग्न अधिक्तम बढाउन, बिभिन्न समयमा आमा बुवा सम्मेलन बनाउने वा भाग लिने, विद्यार्थीहरु सँग काम गर्ने शिक्षक र अरु पढाउने व्येक्तिहरु सँग घरमै सम्मेलन बनाउने;
- आमा बुवा संलग्न सुधार गर्न नयाँ नमुनाहरुको बारे अनुसन्धान गर्ने, ग्रहण, र लागुगर्ने;
- टाइटल १ को भाग ए सँग (Title I Part A) सम्बन्धित सम्पूर्ण परिवार संलग्नका कुराहरुको बारे सुझाव प्रदान गर्न प्रतिनिधि र समावेशी भएको जिल्ला व्यापी आमा बुवा सल्लाह समितीको स्थापना गर्ने
- धर्ममा आधरित भएको संघठनहरु सम्मिलित भएको समुदायमा आधारित संगठनहरु र बियापारहरुलाई, परिवार संलग्न कृयाकलापहरुमा उपयुक्त भूमिकाको बिकास गर्ने र
- भाग १११८ (Section 1118) अनुसार परिवार संलग्न कृयाकलापको लागि अरु उचित सहयोग प्रदान गर्ने।

**<u>भाग ६</u>** **<u>ग्रहण</u>**

जिल्ला व्यापी आमा बुवा संलग्न निती (District-wide Family Engagement Policy) टाइटल १ भाग ए कार्यक्रम (Title I, Part A programs) मा सहभागि भएका बालकहरुका आमा बुवाहरु सँग, जनवरी १४,२३ र ३०, फेब्रुअरी ६, मे १५ र जुन २,२०१४ मा भएको सम्मेलनमा सहमती गरी, सङ्युक्त भइ बिकास गरिएको छ।

यो निती **फिलाडेल्फिया बिद्यालय जिल्लाले** मार्च १९,२०१५ मा यो निती अपनाएको हो र १ शैक्षिक बर्षको लागि लागु हुने छ। फिलाडेल्फिया बिद्यालयल जिल्लाले सम्पूर्ण आमा बुवाहरुलाई अप्रिल ३०, २०१५ भन्दा अगाडि बितरित गर्ने छ।

___________________________________
(अधिक्रित व्येक्तिको सहयोग */Signature of Authorized Official)*

___________________________________
(मिती */Date)*

हेर्ने नितीहरु /References:

NCLB: 20 U.S.C. §§ 6316(b)(7), (8)
C.F.R. 34 C.F.R. § 200.36

State School Code: 24 P.S. § 1-101 *et seq.*, including 24 P.S. §§ 6-693, 6-696